आकाशवाणी

Saturday 27sep25

मुख्य समाचार ।

- **प्रधानमन्त्रीले बी.एस.एन.एल कको 4जी स्टेक स्वदेशी भावनाको प्रतीक हो भन्ने विषयमा प्रकाश पार्नुभयो**
- **प्रधानमन्त्रीले गुजरातको पहिलो अमृत भारत एक्सप्रेस ट्रेनको वर्चुअल माध्यमले गर्नुभयो शुभारम्भ**
- **केन्द्रीय वित्त मन्त्रीले तिन अक्टूबरमा नयाँ दिल्लीमा कौटिल्य आर्थिक सम्मेलनको चौथो संस्करणको उद्घाटन गर्नुहुने, अनि**
- **यस वर्षको विश्व पर्यटन दिवसको विषय रहेको छ , पर्यटन र सतत परिवर्तन ।**

----------------

**प्रधानमन्त्री-लेख**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कसरी बी.एस.एन.एल को 4जी स्टेक स्वदेशी भावनाको प्रतीक हो ,भन्ने विषयमा प्रकाश पार्नुभयो । केन्द्रीय संचार मन्त्री ज्योतिरादित्य सिन्धियाको एउटा लेखलाई सोशल मीडिया पोस्टमा साझा गर्दै, श्री मोदीले भन्नुभयो, बयानब्बै हज़ार भन्दा धेरै साइटहरूका साथ दुई दशमलव दुई करोड़ भारतीयलाई जोड्ने बी.एस.एन.एल-को 4जी स्टेकले भारतको निर्भरतासंग आत्मविश्वास तर्फको यात्रालाई दर्शाउछ । यो रोज़गारले, निर्यात, राजकोषीय पुनरुद्धारलाई बढ़ावा दिन्छ र आत्मनिर्भर भारतको दृष्टिकोणलाई पनि आगि बढ़ाउँछ ।

## 28 गुजरात - अमृत भारत एक्सप्रेस ट्रेन

प्रधानमन्त्री नरेन्द्र मोदीले आज ओडिशाबाट गुजरातको पहिलो अमृत भारत एक्सप्रेस ट्रेनलाई वर्चुअल माध्यमले हरीयो झण्डा देखाएर शुभारम्भ गर्नुभयो। यस अवसरमा केन्द्रीय रेल मन्त्री **अश्विनी वैष्णव** र केन्द्रीय जल शक्ति मन्त्री **सी. आर. पाटिल** पनि उधना रेलवे स्टेशनमा उपस्थित हुनुहुनथ्यो । यो आधुनिक, **नन-एसी स्लीपर ट्रेन** सूरतको उधना र ओडिशाको ब्रह्मपुर बीच चल्नेछ। उन्नत सुविधायुक्त, यस ट्रेनको उद्देश्य पश्चिमी भारत र ओडिशा बीच यात्रालाई तेज़, अधिक सुविधाजनक र किफ़ायती बनाउनु हो । यसले विशेष रूपले श्रमिक, छात्र र व्यापारिहरूलाई लाभ हुनेछ । यसले तीर्थयात्रीहरू र पर्यटकहरूका लागि यात्रामा पनि सजिलो हुनेछ। स्थानीय व्यवसाय र सामाजिक गतिविधीहरूलाई पनि यस सीधा रेल सम्पर्कले लाभ मिल्ने आशा

छ।

## 39 सीतारमण-केईसी 2025

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले तिन अक्टूबरमा नयाँ दिल्लीमा **कौटिल्य आर्थिक सम्मेलन**को चौथो संस्करणको उद्घाटन गर्नुहुनेछ । तीन दिवसीय सम्मेलनको विषय छ **'अशान्त समय में समृद्धि की तलाश'**। यो विषय भारतको विकास आकांक्षा र असाधारण अनिश्चितता, उथल-पुथल र बद्लिदो भू-राजनीतिको यात्रामा उसको सफलता, दुबैको सन्दर्भमा प्रासङ्गिक छ। केन्द्रीय संचार मन्त्री ज्योतिरादित्य सिन्धियाले यस कार्यक्रममा 'संचार: उदाउँदो प्रौद्योगिकीहरूमा एउटा चर्चाको अध्यक्षता गर्नुहुनेछ। विदेश मन्त्री डा. एस. जयशंकरले सम्मेलनको अन्तिम दिन भारतको विदेश र आर्थिक नीतिमा विचार-

विमर्शका साथ कार्यक्रमको समापन गर्नुहुनेछ।

## 15 उत्तर प्रदेश-मुख्यमंत्री- कानून-व्यवस्था

उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले भन्नुभयो , राज्यमा कानून-व्यवस्था बिगार्ने कुनै पनि प्रयासलाई कड़ा कारवाही गरिनेछ। मुख्यमन्त्रीले राज्यमा कानून-व्यवस्थाको स्थितिमा नज़र राख्नका लागि भिडियो कन्फ्रेन्सिङ्गबाट वरिष्ठ पुलिस र प्रशासनिक अधिकारीहरूका साथ बैठकमा यसो भन्नुभयो। मुख्यमन्त्रीको यो बयान बरेलीमा पुलिस र प्रदर्शनकारीहरू बीच भएको झड़पहरू पछि आएको हो । यस घटनामा केही पुलिसकर्मीहरू सहित बाह्र जना घाइते भए । हालैमा कानपुर र उन्नाव सहित अन्य शहरमा पनि यसै प्रकारको विरोध प्रदर्शन भएकोछ। मुख्यमन्त्रीले भविष्यमा यो फेरी नहोस् भनेर दंगाइका विरूद्ध यस्तो कार्रवाई गर्ने निर्देश दिनुभयो ।

## भूटान-संयुक्त राष्ट्र सुरक्षा परिषद

भूटानका प्रधानमन्त्री शेरिङ्ग तोबगेले संयुक्त राष्ट्र सुरक्षा परिषदमा व्यापक सुधारका लागि आफ्नो देशको दृढ समर्थनलाई दोहोर्‍याउनुभयो । उहाँले भारत र जापानलाई स्थायी सदस्यका रूपमा शामेल गर्ने **वकालत** गर्नुभयो ।न्यूयर्कमा संयुक्त राष्ट्र महासभाको अस्सीऔं सत्रमा बोल्दै, प्रधानमन्त्री **तोबगेले** भन्नुभयो, भूटानले एउटा प्रतिनिधित्वपूर्ण, उत्तरदायी र प्रभावी संयुक्त राष्ट्रमा विश्वास गर्छ। उहाँले भन्नुभयो, भूटानले संयुक्त राष्ट्रमा सुधारको समर्थन गर्छ, जसमा सुरक्षा परिषदमा सुधार र स्थायी तथा अस्थायी, दुबै प्रकारको सदस्यताको विस्तार शामेल छ । उहाँले भन्नुभयो, एउटा सुधारित सुरक्षा परिषदमा भारत र जापान जस्तो योग्य देशहरूका साथ-साथ अन्य सक्षम र अग्रणी देशहरूलाई पनि शामेल गरिनुपर्छ।

## संशो टूरिज्म - राज्य मंत्री सुरेश गोपी

पर्यटन राज्य मन्त्री सुरेश गोपीले भन्नुभयो, भारतले कनेक्टिविटीलाई आफ्नो पर्यटन दृष्टिकोणको केन्द्रमा राखेको छ । आज नयाँ दिल्लीमा विश्व पर्यटन दिवसको अवसरमा आयोजित एउटा कार्यक्रमलाई सम्बोधन गर्दै, श्री गोपीले भन्नुभयो, उड़ान योजना जस्तो पहलले पर्यटन स्थलसम्म कनेक्टिविटीमा सुधार गरेकोछ र यसलाई अझै धेरै सुलभ बनाइएकोछ । उहाँले भन्नुभयो , स्वदेश दर्शन Two point ओ जस्तो पहल सतत पर्यटन विकासमा केन्द्रित छ र प्रसाद योजनाले तीर्थ स्थलको विकासलाई सुनिश्चित गर्छ । यस वर्षको विश्व पर्यटन दिवसको विषय : पर्यटन र सतत परिवर्तन रहेको छ । कार्यक्रममा एउटा निजी ओ.टी.टी प्लेटफर्म र अनलाइन ट्रेवल एजेन्सी बीच समझौता ज्ञापन (एम.ओ.यू)को आदान-प्रदान गरियो ।

## 35 वैष्णव-बुलेट ट्रेन सूरत (प्रधानमंत्री ओडिशा के साथ)

केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले भन्नुभयो, अमृत भारत स्टेशन योजना अन्तर्गत सूरतको उधना रेलवे स्टेशनको नवीनीकरण गरिदैछ। देशले वर्तमानमा विश्वको सबैभन्दा ठूलो रेलवे स्टेशनको नवीनीकरणको योजना बनाइरहेको छ । यी सबै स्टेशनको विकास अगिलो पचास वर्षको दृष्टिसंग गरिदैछ । उधना रेलवे स्टेशनमा विभिन्न आधुनिक सुविधाहरूसंग युक्त नयाँ प्लेटफर्म बनाइदैछ। उहाँले सूरतको उधना बुलेट ट्रेन स्टेशनको निरीक्षण गरेपछि यो टिप्पणी गर्नुभयो । उहाँले भन्नुभयो, बुलेट ट्रेन परियोजनाको पहिलो खण्ड सूरतदेखि बिलिमोरा सम्म शुरू गरिनेछ।

## संशो संयुक्त राष्ट्र महासभा-भारत-पाक

भारतले पाकिस्तानमा आतङ्कवादको **महिमामण्डन** गर्ने र भारत-पाकिस्तान संघर्षको

तथ्यलाई **तोड़-मरोड़** गरेर पेश गर्ने आरोप लगाएको छ। पाकिस्तानका प्रधानमन्त्री शहबाज शरीफको सम्बोधन पछि संयुक्त राष्ट्र महासभामा भारतलाई जवाब दिने अधिकारको प्रयोग गर्दै, संयुक्त राष्ट्रमा भारतका स्थायी मिशनका प्रथम सचिव, पेटल गहलोतले भारतीय धरतीमा आतङ्कवादी हमलाका लागि पाकिस्तानलाई ज़िम्मेबार ठहर्‍याउनुभयो ।

**19 आरबीआई-डब्ल्यूएमए सीमा**

भारतीय रिज़र्व ब्याङ्कले भनेकोछ, वित्तीय वर्ष दुई हजार पचिस छब्बीसको दोस्रो छमाहीका लागि केन्द्र सरकारका लागि अर्थोपाय अग्रिम (**वेज़ र मीन्स एडवान्स**) –को सीमा पचास हजार करोड़ रुपियाँ हुनेछ । **वेज़ र मीन्स एडवान्स**, आर.बी.आई द्वारा केन्द्र, राज्य सरकार र केन्द्र शासित प्रदेशलाई प्राप्ती र भुगतानमा कुनै पनि प्रकारको अन्तरलाई दूर गर्नका लागि दिइने अस्थायी अग्रिम हो। केन्द्रीय ब्याङ्कले हिजो एउटा बयानमा भनेको छ, **वेज़ र मीन्स एडवान्स-मा** केन्द्र सरकारको परामर्शले निर्णय लिइएको छ। यसमा आगि भनिएकोछ, जब केन्द्र **वेज़ र मीन्स एडवान्स** सीमाको पचहत्तर प्रतिशत उपयोग गर्नेछ भने, भारतीय रिज़र्व ब्याङ्कले बजारमा नयाँ ऋण जारी गर्नसक्छ।